# उन्नत प्रविधि प्रदर्शन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७८

*(मन्त्रीस्तरबाट स्वीकृत मितिः २०७८/०६/११)*

**पहिलो संशोधन मितिः २०८०/०९/०२**

**प्रस्तावनाः** कृषि क्षेत्रमा विकसित भएका उन्नत प्रविधिहरुको प्रदर्शन तथा विस्तार कार्यक्रम सञ्चालनका लागि "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० दिएको अधिकार प्रयोग गरी ®कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्षः

(क) यस कार्यक्रम मार्फत कृषि उपज उत्पादन देखि बजारीकरणसम्मको श्रृङ्खलासँग सम्बन्धित क्रियाकलाप र नवीनतम तथा उन्नत प्रविधिहरुको प्रयोग सम्बन्धी प्रदर्शन सञ्चालन गर्न सकिने छ। जस्तैः कृषि मेला प्रदर्शन, श्रव्य दृश्य प्रदर्शन, नतिजा प्रदर्शन, पहिचान भएका समस्या समाधान सम्बन्धी प्रदर्शन, उत्पादन प्रदर्शन, बाली चक्र प्रदर्शन, तरकारी प्याकेज प्रदर्शन, बेमौसमी तरकारी उत्पादन प्रदर्शन, करेसाबारी प्रदर्शन, बीउ उत्पादन प्रदर्शन, आई.पि.एम. एप्रोच प्रदर्शन, मौरी प्रदर्शन, मल/बायोचार/सुक्ष्म खाद्यतत्व उत्पादन तथा नतिजा प्रदर्शन, कृषि चुन प्रयोग प्रदर्शन, यान्त्रिकीकरण प्रदर्शन, कृषि उपज प्रशोधन प्रदर्शन, ®व्यावसायिक भर्मिकम्पोष्ट उत्पादन परीक्षण, गोठेमल सुधार कार्यक्रम आदि।

(ख) प्रदर्शन कार्यक्रम सम्बन्धित कार्यालय आफैंले वा सम्बन्धित कार्यालयको नियमित रेखदेख हुने गरी कृषक, कृषि फर्म, कृषक समूह र कृषि सहकारी संस्था ®वा कृषि विषय अध्यापन हुने शैक्षिक संस्था मार्फत सञ्चालन गर्न सकिनेछ।

(ग) यस कार्यक्रम सञ्चालन गर्दा खुला जमिनमा उत्पादन सम्बन्धी प्रविधि प्रदर्शन गर्ने भएमा कम्तीमा ३ रोपनी, नतिजा प्रदर्शन गर्ने भएमा कम्तीमा १ रोपनी क्षेत्रफलमा र संरचना (प्लाष्टिक घर, च्याउ घर लगायत) निर्माण गरी उत्पादन तथा नतिजा प्रदर्शन गर्ने भएमा कम्तीमा ७२ वर्ग मिटरको संरचना निर्माण गरी सञ्चालन गर्नुपर्नेछ।

(घ) बुँदा १ (ग) सँग सम्बन्धित बाहेकका अन्य प्रविधि प्रदर्शन गर्नुपर्ने भएमा सम्बन्धित कार्यालयले स्वीकृत बजेटको परिधि भित्र रही लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्न सक्नेछ।

(ङ) प्रदर्शन भएको प्रविधिको प्रभावकारी मूल्याङ्कनका लागि नियमित रुपमा तथ्यांक संकलन, विश्लेषण तथा प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाउने र प्रदर्शनबाट प्राप्त नतिजाको प्रचारप्रसार तथा अन्य क्षेत्रहरुमा विस्तारको व्यवस्था मिलाउनु पर्नेछ।

(च) यस कार्यक्रम चक्लाबन्दी भएका स्थानहरुमा पनि सञ्चालन गर्न सकिनेछ।

## २. आर्थिक पक्षः

(क) स्वीकृत बजेटको परिधिभित्र रही उन्नत प्रविधि प्रदर्शनका लागि आवश्यक संरचना निर्माण, उत्पादन सामग्री तथा यन्त्र उपकरण खरिद लगायतका अन्य व्यवस्थापकिय कार्य गर्न गराउन सकिनेछ।

(ख) विगतका वर्षहरुमा चक्लाबन्दी भएका स्थानमा प्रदर्शन कार्यक्रम सञ्चालन गर्दा मन्त्रालयबाट स्वीकृत चक्लावन्दी सम्बन्धी मापदण्ड बमोजिम वार्षिक रुपमा खेती गर्नुपर्ने बालीको उत्पादन प्रदर्शनको लागि स्वीकृत बजेटको परिधि भित्र रही बुँदा २ (क) बमोजिम प्रदर्शन कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

---

® पहिलो संशोधन, २०८०

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पोखरा, नेपाल



CamScanner